# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको जेण्डर नीति-

**१) प्रारम्भिक-**

क) यो जेण्डर नीति राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको कार्य समितिका पदाधिकारीहरु,साधारण *सदस्य*हरु, कर्मचारीहरु र स्वयमसेवकहरुको हकमा पूर्ण रुपमा लागु हुनेछ ।

ख) यो नीति मिति २०६८/६/१२ मा संस्थाको कार्य समितिको बैठकको निर्णयअनुसार सोही मिति बाट लागु भएको छ ।

**२) परिभाषा-**

बिषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस जेण्डर नीतिमा-

| | |
|---|---|
| क) संस्था- | भन्नाले राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल लाई बुझ्नु पर्दछ । |
| ख) कार्य समिति- | भन्नाले संस्थाको बिधानको दफा......बमोजिम गठन भएको कार्य समितिलाई बुझ्नु पर्दछ |
| ग) विदा- | विदा भन्नाले संस्थाको कर्मचारी प्रशासन नियमावली तथा यस नीति बमोजिम पाउने विदालाई सम्झनु पर्दछ । |
| घ) नीति- | भन्नाले संस्थाको यो जेण्डर नीतिलाई बुझ्नु पर्दछ । |
| ङ) कर्मचारी- | भन्नाले मासिक पारिश्रमिक पाउने गरी नियुक्त भई काममा संलग्न ब्यक्तिहरुलाई बुझ्नु पर्दछ । |
| च) स्वयमसेवक- | भन्नाले कुनै आर्थिक सुविधा प्राप्त नगरी आफ्नो कार्य अनुभव बढाउनको लागी वा सामाजिक सेवाका काममा संलग्न हुने ईच्छा राखी संस्थाको निर्णय अनुसार काममा संलग्न भएका ब्यक्तिहरुलाई बुझ्नु पर्दछ । |
| छ) पदाधिकारी- | भन्नाले संस्थाको बिधानको दफा ......बमोजिमका कार्यसमितिका बिभिन्न पदहरुलाई बुझ्नु पर्दछ । |
| ज) क्षमता बिकास- | भन्नाले तालिम,अध्ययन भ्रमण तथा अन्य बिभिन्न उपायहरु द्वारा वर्तमान क्षमता बढाउन गरिने प्रयासलाई बुझ्नु पर्दछ । |
| झ) अवसर- | भन्नाले संस्थामा संलग्न ब्यक्तिहरुलाई आर्थिक आर्जन वा ज्ञान सीप बढाउनको लागी प्राप्त हुने मौकालाई बुझ्नु पर्दछ । |
| ञ) साधारण सदस्य- | भन्नाले संस्थाको बिधानको दफा........बमोजिम संस्थाको सदस्यता प्राप्त गरेका ब्यक्तिहरुलाई बुझ्नु पर्दछ । |

**३) संस्थागत संरचना सम्बन्धी ब्यबस्था-**

***क) संस्थाको कार्य समितिमा सहभागीता-***

१) संस्थाको कार्यसमितिको संरचनामा मुख्य पदहरु (अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष) लगायत सम्पुर्ण पदाधिकारीहरुमा महिलाहरुको सहभागिता हुनेछ ।

३) संस्थाको साधारण सभा बाट कार्य समितिको गठन हुँदा जुन पदमा महिलाहरुको चयन भएको हो सो पदमा बिचमा कुनै कारणले रिक्त हुन गएमा सो पदमा बाँकी अवधीको लागी महिलानै चयन हुनु पर्नेछ ।

***ख) संस्थाका साधारण सदस्यहरुमा सहभागीता-***

१)संस्थाका साधारण सदस्यहरु महिला नै हुनेछ ।

२) यो नियमावली लागु हुँदा उक्त सख्याको अनुपात यस नीति बमोजिम नभएमा सोही मिति देखी १ बर्ष सम्ममा उक्त संख्याको अनुपात संस्थाको कार्य समितिले मिलाउनेछ ।

***ग) संस्थाका कर्मचारीहरुमा सहभागीता-***

१)संस्थाको आन्तरिक वा बाह्य्य कुनै पनि श्रोतमा संचालन भएका कार्यक्रममा संलग्न हुने कर्मचारीहरुको संख्या पनि कम्तीमा ९० प्रतिसत महिला हुनेछ ।

२) तर कुनै कार्यक्रममा २ जना कर्मचारीहरु रहने भएमा २ महिला कर्मचारी नै राख्ने ब्यबस्था गर्ने तर १ जना मात्र कर्मचारी हुने भएमा महिला नै हुनेछ ।

३) कुनै विशेष कामको सन्दर्भमा महिला नै वा पुरुष नै चाहिने अबस्था भएमा सोको कारणलाई पुष्ट्याई हुने गरी मात्र गर्नु पर्नेछ ।

***घ) संस्थामा संलग्न हुने स्वयमसेवकहरुमा सहभागीता-***

१) संस्थामा संलग्न हुने स्वयमसेवकहरुको संख्या पनि ९० प्रतिशत महिला र १० प्रतिशत पुरुष हुनेछ ।

**४) कर्मचारीको लागी उमेर, योग्यता र अनुभव सम्बन्धी ब्यबस्था -**

क) संस्थाको कर्मचारीहरु छनौट गर्दा यस संस्थाको कर्मचारी प्रशासन नियमावली बमोजिम योग्यता,उमेर र अनुभव मध्यमा पुरुषको लागी तोकिएको अनुभव भन्दा १ बर्ष कम भए पनि महिलाहरु लाई योग्यता पुगेको मानिनेछ ।

**५) कार्य समय सम्बन्धी ब्यबस्था-**

संस्थाको कार्यालय संचालन समयमा महिलाहरुलाई कार्यालय शुरु हुने समयमा १५ मिनेट ढिलो आउन र कार्यालय बिदा हुने समयमा १५ मिनेट छिटो जान पाउनेछन ।

**६) क्षमता विकासमा अवसर सम्बन्धी ब्यबस्था-**

क)संस्थाको नियमित कार्यक्रममा वा बाह्य सरोकारवाला संस्था निकायहरु बाट प्राप्त हुने तालिम तथा अन्य क्षमता अभिबृद्धिका अवसरहरुमा संस्था बाट महिलाहरुको सहभागीता हुनेछ ।

ख)कुनै कार्यक्रममा संलग्न कर्मचारी महिला वा पुरुष जो भए पनि उसलाई सहभागीताको लागी माग भएको वा अनुरोध भएमा सोही ब्यक्तिनै सहभागी हुनेछ ।

ग)तालिम तथा अन्य क्षमता अभिबृद्धिका अवसरहरुमा कोटा पुऱ्याउने भन्दा पनि आबश्यकताको आधारमा सहभागीता गराईनेछ ।

**७) विशेष अबस्थामा दिईने सुविधा सम्बन्धी ब्यबस्था-**

क) कुनै महिला कर्मचारीलाई महिनावारीको ३ दिन सम्मको समयमा निजलाई फिल्ड जान बाध्य गरिने छैन ।

ख) कुनै महिला कर्मचारीको ६ महिना सम्मको बच्चा भएमा निजलाई दिउसो आधा घण्टा समय शिशुलाई दुध खुवाउन समय दिईनेछ ।

ग) संस्थाको नियमित रुपमा काममा संलग्न रहेका महिला कर्मचारीहरुको लागी प्रत्येक बर्ष तिजको समयमा चियापान कार्यक्रम आयोजना गरिने छ र संस्थाको आर्थिक हैसियत अनुसार उपहार समेत प्रदान गरिनेछ ।

**८) बिदा सम्बन्धी ब्यबस्था-**

संस्थामा कार्यरत महिला कर्मचारीहरुले देहायका थप विदाहरु दिईनेछ ।

क) सुत्केरी बिदा- ६० दिन (पहिलो २ पटक मात्र)

ख) सुत्केरी स्याहार विदा- कुनै पुरुष कर्मचारीको श्रीमती सुत्केरी भएमा निजले बढीमा २ पटकको लागी १३/१३ दिनको सुत्केरी स्याहार विदा प्राप्त गर्नेछ ।

**९) समिति गठन गर्ने -**

क)संस्थामा यो नीतिको कार्यान्वयन भए नभएको वारेमा अध्ययन गरी संस्थाको कार्य समितिमा पेश गर्न र नीतिको कार्यान्वयन भएर वा नभएर कसैलाई मर्का परेमा त्यस बारे सुनुवाई गर्नको लागी कार्य समितिका १ जना महिलाको संयोजकत्वमा बढीमा ३ जनाको समितिको गठन हुने छ र सो समितिको सिफरिसको आधारमा कार्य समितिले निर्णय गर्नेछ ।

**१०) नीति निर्णयहरु लागु हुने -**

यस नीति मा भएको ब्यबस्था यसै अनुसार र यसमा समावेश नभएको कुरा संस्थाको बिधान,अन्य नियमावलीहरु तथा साधारण सभा तथा कार्य समिति बाट निर्णय भए बमोजिम हुनेछ ।

समाप्त